Education Bureau

# निःशुल्क गुणस्तरीय किन्डरगार्टन शिक्षा नीति

# चिनियाँ भाषा नबोल्ने बालबालिकाहरुका लागि सहयोग

(Nepali)

निःशुल्क गुणस्तरीय
किन्डरगार्टन
शिक्षा नीति

चिनियाँ भाषा नबोल्ने
बालबालिकाहरुका लागि
सहयोग

चिनियाँ भाषा नबोल्ने (NCS) बालबालिकाहरुले प्रारम्भिक अवस्थामै चिनियाँ भाषा सिक्न शुरू गर्नाले मूलधारको पाठ्यक्रममा उनीहरू अनुकुल हुन र स्थानीयसँग समायोजन हुन सहजीकरण गर्नेछ। NCS बालबालिकाका मातापितालाई उनीहरूको बालबालिकाहरुलाई चिनियाँ भाषा सिकाइ सहजीकरण गर्न चाँडो भन्दा चाँडो गहन चिनियाँ भाषा वातावरण भएको किन्डरगार्टेनहरूमा (KGs) पठाउन प्रोत्साहन गरिन्छ। सरकारले NCS बालबालिकाहरुलाई KGs मा भर्ना गर्न सहयोग गर्न र उनीहरूको सिकाइ र विकास आवश्यकतालाई समेट्न विभिन्न उपायहरु अगाडि सारेको छ।

## सहयोग उपायहरु

### विद्यार्थी भर्ना

- सबै KGs ले सबै बालबालिकाहरुलाई उनीहरूको वर्ण, लिंग र क्षमता नहेरी भर्नाका लागि समान अवसर सुनिश्चित गर्नुपर्छ र उनीहरूको विद्यालय-आधारित भर्ना संयन्त्र स्वच्छ, उचित, खुला र भेदभावविरूद्धको अध्यादेशको पालना गर्ने गरी हुनुपर्छ।
- KGs लाई चिनियाँ र अंग्रेजी दुवै संस्करणमा उनीहरूको निवेदन फारम, विद्यालयमा आधारित भर्ना संयन्त्र र भर्ना मापदण्ड उपलब्ध गराउन र NCS बालबालिकाहरुका मातापितालाई सहयोग प्रदान गर्न सम्झाइएको छ। उदाहरणका लागि, KGs ले सञ्चार सहजीकरणका लागि अन्तर्वार्ताको क्रममा मातापितासँग एक जना चिनियाँ बोल्ने नातेदार/साथी लिएर जान दिन सक्छन्।
- नर्सरी (K1) भर्नाको लागि NCS बालबालिकाहरुको मातापिताका लागि मातापिता सेमिनारहरु वार्षिक रुपमा आयोजना गरिन्छन्। उपयुक्त अवस्थामा दोभाषे सेवा उपलब्ध गराइन्छ।
- शिक्षा ब्युरो (EDB) ले प्रकाशित गरेका लिफलेट, पोस्टर, मार्गदर्शन नोटहरू र KG भर्नाका लागि दर्ता प्रमाणपत्रको निवेदन फारमजस्ता सान्दर्भिक सामग्रीहरू छ वटा प्रमुख जातिय अल्पसङ्ख्यक भाषाहरू बहासा इन्डोनेसिया, हिन्दी, नेपाली, टागालग, थाइ र उर्दूमा अनुवाद गरिएका छन्।
- अंग्रेजी र चिनियाँ भाषा दुबैमा प्रकाशित भएको KG प्रोफाइलले, विभिन्न विद्यालयको बारेमा जानकारी उपलब्ध गराउँछ जसले मातापितालाई विद्यालयको छनोट गर्न उपयोगी सन्दर्भको रूपमा काम गर्न सक्छ।
- KGs मा भर्ना हुन वास्तविक कठिनाइ भोगिरहेका NCS बालबालिकाहरुका मातापिताले उपयुक्त अवस्थामा EDB मा, र खाली ठाउँ रहेका निःशुल्क गुणस्तरीय KG शिक्षा योजना (Scheme-KGs) मा जोडिन सम्पर्क गर्न सक्छन् ।

### NCS विद्यार्थीहरूको आवश्यकता समेट्न

- KGs लाई NCS विद्यार्थीहरूको आवश्यकता समेट्न सयोग गर्नका लागि, विद्यालय-आधारित विभिन्न खालका माध्यमको सहयोग प्रदान गरिन्छ । सबै KGs ले जोडिनका लागि निवेदन दिन सक्छन्।
- NCS विद्यार्थीहरूको शिक्षण तथा सिकाइका लागि व्यवसायिक तालिम कार्यक्रमहरू KGs का लागि प्रदान गरिन्छ।
- 8 वा सोभन्दा धेरै NCS विद्यार्थीहरू भर्ना गर्ने Scheme-KGs ले NCS विद्यार्थीहरूलाई सहयोग बढाउनका लागि थप अनुदानका लागि निवेदन दिन सक्छन्।
- KGs लाई NCS विद्यार्थीका मातापितासँग सञ्चार बलियो बनाउनका लागि, KGs को प्रयोगका लागि कम्युनिकेसन क्यु कार्डहरूको सेट र धेरै प्रयोग भइरहने विद्यालयका सर्कुलरहरूको प्रारूप छ वटा प्रमुख जातिय अल्पसङ्ख्यक भाषाहरुमा अनुवाद गरिएको छ।
- अद्याविधक गरिएको KG शिक्षा पाठ्यक्रम निर्देशिकाले NCS विद्यार्थीहरुलाई स्थानीय विद्यालय वातावरणमा समायोजन गर्न सहजीकरण गर्ने निर्देशन र सिद्धान्तहरू, साथै कसरी शिक्षकहरूले NCS विद्यार्थीहरूलाई चिनियाँ सिक्न सहयोग गर्छन् भनी निश्चित रणनीति र सान्दर्भिक स्रोतहरू दिन्छ।

## अन्य जानकारी

थप जानकारी र सहायताका लागि, कृपया EDB मा सम्पर्क गर्नुहोस्:

- क्षेत्रीय शैक्षिक कार्यालयहरूको टेलिफोनहरू:
  2863 4646 (HK),
  3698 4108 (KLN),
  2639 4876 (NTE) र
  2437 7272 (NTW)
- किन्डरगार्टेनहरू र बाल हेरचाह केन्द्रहरूको संयुक्त कार्यालयको टेलिफोन: 3107 2197
- अन्य सान्दर्भिक वेवसाइटहरू:
  - निःशुल्क गुणस्तरीय KG शिक्षा
    www.edb.gov.hk/free-quality-kg-edu_en
  - KGs मा K1 कक्षाहरूका लागि भर्ना व्यवस्थाहरू
    www.edb.gov.hk/k1-admission_e
  - KG प्रोफाइल
    www.chsc.hk/kindergarten/en/
  - NCS विद्यार्थीहरूका लागि शिक्षा सेवाहरू
    www.edb.gov.hk/ncs